भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ७ भद्रपुर, फाल्गुण २१ गते, २०८० साल, संख्या २

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भद्रपुर नगरपालिकाको श्रमिकहरुको सेवा सुरक्षा व्यवस्थापन कार्यविधि, २०८०

*स्वीकृत मिति २०८०/११/२०*

*प्रमाणीकरण मिति २०८०/११/२१*

## "भद्रपुर नगरपालिकाको श्रमिकहरुको सेवासुरक्षा व्यवस्थापन कार्यविधि, २०८०

### प्रस्तावना :

नेपालको संविधानले आर्थिक समानता,समृद्धि र सामाजिक न्यायको सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने कुरा उल्लेख गरेको सन्दर्भमा भद्रपुर नगरपालिकामा रहेका शारीरिक तथा बौद्धिक श्रम गर्ने श्रमिकहरुको सेवा सुरक्षाका लागि हितकोष स्थापना गरी सञ्चालन गर्न आवश्यक देखिएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(४)च अन्तरगंत रही सोही ऐनको दफा १०२(२) अनुसार यो कार्यबिधि बनाइ लागु गरेको छ

### परिच्छेद- १
### संक्षिप्त नाम र प्रारम्भ

**१. यस कार्यविधिको नाम:** यो कार्यविधिको नाम "भद्रपुर नगरपालिका श्रमिकहरुको सेवासुरक्षा व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई नगर प्रमुखबाट प्रमाणीत भएको मितिबाट लागू हुनेछ।

**२.परिभाषा: (१)** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) **"उपाध्यक्ष"** भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) **"सदस्य"** भन्नाले समितिका सदस्य सम्झनु पर्छ।

(घ) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठन भएको श्रमिकहरुको सेवासुरक्षा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ङ) **"रोजगारदाता"** भन्नाले कलकारखाना, उद्योगधन्दा, निर्माण व्यवसायी, फर्म, कम्पनी, यातायात व्यवस्था लगायत रोजगार दिन सक्ने व्यक्ति फर्म समेतलाई जनाउनेछ।

(च) **"श्रमिक"** भन्नाले निमार्ण, यातायात, उद्योग, कलकारखाना, हाउस वाइरिङ्ग, प्लम्बिङ्ग जडान वर्कसप, रङरोगन, चिया वगान, कृषि पशु तथा अन्य क्षेत्रमा पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक तथा बौद्धिक श्रम गर्ने व्यक्तिलाई जनाउनेछ।

(छ) **"नगरपालिका"** भन्नाले भद्रपुर नगरपालिकालाई जनाउनेछ।

(ज) **"हितकोष"** भन्नाले श्रमिकहरुको सेवासुरक्षा व्यवस्थापनका लागि स्थापना गरिएको दफा ८ बमोजिमको कोषलाई जनाउनेछ।

(झ) **"दुर्घटना"** भन्नाले दफा २ (१) (च) सँग सम्बन्धित कुनै कार्यस्थलमा कार्य गर्दा गर्दै दुर्घटनामा परी हुने शारीरिक क्षति वा अङ्गभङ्ग भएको वा मृत्यु भएको अवस्थालाई जनाउनेछ।



गणेश पोखरेल

(ञ) **"सम्झौता"** भन्नाले कुनै रोजगारदाता फर्म, व्यक्ति र श्रमिक, घरधनी बिच आपसी समझदारी कार्यान्वयनका लागि भएको सहमतिको लिखित दस्ताबेजलाई जनाउनेछ।

(ट) **"कार्यस्थल"** भन्नाले श्रमिकले काम गर्ने स्थान वा ठाउँ सम्झनु पर्छ र सो शब्दले कामको सिलसिलामा श्रमिक रहनु पर्ने वा जानु पर्ने स्थान वा अवस्था समेतलाई जनाउनेछ।

(ठ) **"औपचारिक श्रम क्षेत्र"** भन्नाले श्रमिकलाई काममा लगाएका मुनाफा आर्जन गर्ने वा नगर्ने उद्योग, व्यवसाय फर्म वा सेवा गर्ने उदेश्यले प्रचलित कानून बमोजिम स्थापना भई दर्ता वा गठन भएको वा संचालनमा रहेको कुनै कम्पनी, प्राइभेट फर्म साझेदारी फर्म,संघ सस्था, सहकारी संस्था वा श्रमिक आपुर्तिकर्ता वा अन्य संस्थालाई सम्झनु पर्दछ।

(ड) **"अनौपचारिक श्रम क्षेत्र"** भन्नाले औपचारिक श्रम क्षेत्र बाहेकको श्रम बजार जनाउँदछ र सो शब्दले निर्माण क्षेत्र, यातायात, कृषी, घरेलु र घरमा आधारित काम लगायतको श्रम क्षेत्र सम्झनु पर्दछ।

(ढ) **"स्वरोजगार श्रम क्षेत्र"** भन्नाले आफ्नो श्रम, सीप, ज्ञान र पूँजीको परिचालन गरी आफु वा ३ जनासम्म श्रमिकलाई रोजगारी दिई संचालन गरेको निर्माणसँग सम्बन्धित काम, वस्तु वा सेवाको उत्पादन व्यवसाय सम्झनु पर्दछ।

(ण) **"परिवार"** भन्नाले श्रमिकको पति/पत्नि तथा निजमाथि आश्रित माता, पिता, सासू, ससूरा, दाजु, भाई, दिदी बहिनी, र छोराछोरी सम्झनु पर्दछ।

(त) **"नगरसभा"** भद्रपुर नगरपालिकाको नगरसभा सम्झनु पर्दछ।

(थ) **"स्थानिय तह"** महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका, जिल्ला सभालाई सम्झनु पर्दछ।

(द) **"सूचीकृत श्रमिक"** भन्नाले यसै कार्यविधिको दफा ७(४) अन्तरगत स्थानिय तहमा दर्ता वा अभिलेखिकृत श्रमिक सम्झनु पर्दछ।

## परिच्छेद -२

## उदेश्य

**३. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हने छ।**

(क) भद्रपुर नगरपालिका अन्तर्गतका श्रमिकहरुको सुरक्षा तथा संरक्षण गर्ने,

(ख) श्रमिकहरुको जोखिम न्यूनीकरण गर्ने।

(ग) आफ्नो नगरभित्रै काम गर्न अभिरुची बढाउने,

(घ) श्रमिकहरुको अभिलेख व्यवस्थापन गर्ने,

(ङ) श्रमिकहरुको दुर्घटनाबाट हुने क्षतिमा राहत पुर्‍याउने।

## परिच्छेद- ३

## समिति गठन, काम कर्तव्य र अधिकार

**४.समितिको गठन:** (१) श्रमिकहरुको सेवासुरक्षा व्यवस्थापनका निमित्त देहाय बमोजिमको एक श्रमिकहरुको सेवा सुरक्षा व्यवस्थापन समिति गठन हुनेछ :

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(क) नगरप्रमुख–अध्यक्ष

(ख) नगरउपप्रमुख- सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत – सदस्य

(घ) समितिले तोकेको नगरपालिका क्षेत्रभित्र रहेका श्रम गर्ने व्यक्ति वा सो क्षेत्रको हक, अधिकारका क्षेत्रमा क्रियाशील आधिकारिक ट्रेड युनियनमा आबद्ध श्रमिक मध्येबाट एक जना– सदस्य

(ङ) समितिले तोकेको नगरपालिका क्षेत्रभित्र रहेका श्रमिक क्षेत्रको हक, अधिकार र विकासको क्षेत्रमा क्रियाशील आधिकारिक ट्रेड युनियनका पदाधिकारीहरु मध्येबाट १ महिलासहित २ जना– सदस्य

(च) सामाजिक विकास समिति संयोजक : सदस्य

(छ) योजना शाखा प्रमुख : सदस्य

(झ) उद्योग बाणिज्य संघको प्रतिनिधि : सदस्य

(ञ) नगरपालिकाको रोजगार शाखा प्रमुख – :सदस्य सचिव

५. **समितिको काम, कर्तव्य र अधिकार :** (१) श्रमिकहरुको सेवा सुरक्षा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) निर्माण कार्यको सम्झौता गर्दा सूचीकृत निर्माण व्यवसायीसँग मात्र गराउने व्यवस्था मिलाउने

(ख) कार्यस्थलमा भएको दुर्घटनाका बारेमा आवश्यक जाँच बुझ गरी हितकोष मार्फत क्षतिपूर्ति भुक्तानीका लागि नगरपालिकामा सिफारिस गर्ने ।

(ग) सूचीकृत निर्माण व्यवसायीसँग समन्वय र सहकार्य गरी हितकोष परिचालन र व्यवस्थापन गर्ने गराउने ।

(घ) पेशा,सीप दक्षता योग्यता र कार्यरत क्षेत्रको विवरण लिई श्रमिकको दर्ता, अभिलेखिकरण गर्ने र परिचयपत्र जारी गर्ने,

(ङ) न्यूनतम पारिश्रमिक कार्यन्वयन भए नभएको अनुगमन गर्ने,

(च) समान काममा समान पारिश्रमिकको व्यवस्था लागु गर्ने,

(छ) अभिलेखिकृत गरिएका श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गराउन सहजीकरण गर्ने,

(ज) श्रमिकहरुको सीप, दक्षता अभिबृद्धी गराउन र सीप प्रमाणीरण गर्न आवश्यक कार्य गर्ने,

(झ) श्रमिक संगठन र रोजगारदाता संगठनहरुको परामर्शमा आर्थिक वर्षको पहिलो महिनाबाट लागु हुने गरी स्थानिय तहमा पारिश्रमिक निर्धारण गर्ने,



गणेश पोखरेल
नगर प्रमुख
नगरपालिका

(ञ) श्रम अडिट गरे नगरेको अनुगमन गर्ने र श्रमिकको ज्याला बैक खाताबाट मात्र भुक्तानी भए नभएको विषयमा हेर्ने,

(ट) श्रमिकका समस्या उपर उजुरी लिने, सुनुवाई गर्ने र आवश्यक निर्देशन दिने,

(ठ) श्रम निरिक्षण प्रणाली संचालन का लागि आवश्यक निर्देशिका तयार गर्ने ,

(ड) निर्देशिका बमोजिम श्रम निरिक्षकहरु सूचीकृत गर्ने र आवश्यकता अनुसार परिचालित गर्ने,

(ढ) अनुचित श्रम अभ्यास, शोषणमूलक अभ्यासहरु कार्यथलोमा हुने यौनजन्य हिंसा, हतोत्साहन, दुर्व्यवहार जस्ता घटना छानविन गरी आवश्यक कार्वाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) संचालक समितिले आवश्यकता अनुसार केन्द्रिय श्रम सल्लाहकार परिषद्, प्रदेश श्रम सल्लाहकार परिषद्, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, श्रम तथा रोजगार कार्यालय लगायतका निकायहरुसँग सहकार्य गर्ने ,

(ण) श्रम र श्रमिक सम्बन्धि तथ्याङ्क सङ्कलन गरी डाटावेश तयार गर्ने तथा अद्यावधिक गर्ने,

(त) हरेक आर्थिक वर्षको असार मसान्तसम्मको कामको प्रतिवेदन तयार गरी ३ (तीन) महिनाभित्र नगरपालिका समक्ष पेश गर्ने ।

(थ) श्रमिक हितसम्वन्धी अन्य विषयहरु समितिले निर्णय गरी लागु गर्दै जाने।

**६.समितिको बैठकः**(१) श्रमिकहरुको सेवासुरक्षा व्यवस्थापन समितिको बैठकसम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(ख) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(ग) समितिको बैठकको अग्रिम जानकारी सदस्य सचिवले अध्यक्षको आदेश बमोजिम दिनु पर्नेछ ।

(घ) समितिको कुल सदस्य सङ्ख्याको ५१%सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(ङ) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(च) बैठक सम्बन्धि आवश्यक कार्यबिधि समिति आफैंले तय गर्न सक्नेछ ।

(छ) समितिलिे आफ्नो बैठकमा बिषय बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(ज) समितिको बैठकमा भाग लिने सदस्यहरुले नियामानुसारको बैठक भत्ता पाउने छन् ।

(झ) समितिको बैठक कम्तिमा वर्षको ४ पटक बस्नु पर्नेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## परिच्छेद- ४

## दर्ता र हितकोष स्थापना सम्बन्धि व्यवस्था

७.**रोजगारदाता दर्ता र नवीकरण सम्बन्धी व्यवस्था:** (१) कुनै पनि व्यक्तिले श्रमिक रोजगारदाता व्यवसाय सञ्चालन गर्न चाहेमा नगर कार्यपालिकाको कार्यालयमा तपसिल बमोजिमका कागजातहरु पेस गरी रोजगारदाता फर्म वा व्यवसाय दर्ता गर्न सक्नेछ :

(क) नेपाली नागरीकताको प्रतिलिपि,

(ख) फर्म व्यवसाय, कम्पनि वा उद्योग दर्ता सम्बन्धि कागजातहरुको प्रतिलिपी ,

(ग) निवेदन ।

(२) दफा ७ बमोजिम रोजगारदाता फर्म वा व्यवसाय दर्ता गर्न निवेदन प्राप्त भएपछि नगरपालिकाले आवश्यक छानविन गरी दर्ता गर्न उपयुक्त देखिएमा सो फर्म, व्यवसाय, कम्पनि वा उद्योग दर्ता गरी अनुसूची (१) बमोजिमको प्रमाणपत्र नगरपालिकाबाट प्रदान गरिनेछ ।

(३) रोजगारदाता फर्म ,व्यवसाय, कम्पनी वा उद्योग दर्ता गर्न वार्षिक रु २,०००।- (दुई हजार) शुल्क लाग्ने छ साथै प्रतिबवर्ष नवीकरण गर्दा वार्षिक रु १०००।- (एक हजार) लाग्नेछ र उक्त रकम थपघट गर्ने अधिकार नगरकार्यपालिकालाई हुनेछ । प्रत्येक आ.व.को असोज मसान्तपछि नवीकरण गर्दा नवकिरण दस्तुर रु १०००।-(एक हजार) मा विलम्ब शुलक रु १०००।-(एक हजार) लाग्नेछ ।

(४) श्रमिक दर्ता हुन देहाय अनुसारका कागजात पेश गर्नु पर्नेछ ।

(क) नेपाली नगरिकता प्रमाणपत्रको प्रतिलिपी,

(ख) उमेर १८ (अठार) वर्ष पुगेको प्रमाण,

(ग) स्थायी बसोबास भएको वडाको सिफारिस,

(घ) कुन प्रकारको श्रमिक हो सो खुल्ने कागजात तथा सो सम्बन्धमा तालिम लिएको प्रमाण पत्रको प्रतिलिपी वा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी,

(ङ) स्वरोजगार निर्माण मजदुर भए भुकम्प प्रतिरोधी निर्माण कार्यको तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी,

(च) तोकिएको दस्तुर बुझाएको रसिद र २ प्रति फोटो संल्गन राखी सूचीकृत हुन पाउँ भन्ने निवेदन ।

(५) खण्ड (४) बमोजिम सूचीकृत हुने श्रमिकहरुले यो कार्यविधि लागु भएको मितिले ३ वर्षसम्म नगरपालिकामा सिधै निवेदन दिनु पर्नेछ र सो समयावधि पश्चात नगर क्षेत्रभित्र क्रियासिल मजदुरसँग सम्बन्धित ट्रेडयूनियनहरुबाट भएको सिफारिस समेत संलग्न राख्नु पर्नेछ ।

(६) प्रधानमन्त्रि स्वरोजगार कार्यक्रम अन्तरगत सूचीकृत हुने श्रमिकहरु सोही कार्यविधि अनुसार सूचीकृत हुने हुँदा यो कार्यविधिले बाधा पारेको मानिने छैन ।

(७) खण्ड ७(४) बमोजिम प्राप्त हुने निवेदन उपर छानविन गरी दर्ता गर्न उपयुक्त भएमा श्रमिकहरुको सेवा सुरक्षा व्यवस्थापन समितिको सदस्य सचिवले दर्ता गर्नेछ ।

(८) खण्ड ७(४) बमोजिम सूचीकृत भएका श्रमिकहरुलाई नगरपालिकाले परिचयपत्र उपलब्ध गराउनु पर्नेछ । सूचीकृत नभएका श्रमिक र सूचीकृत भई स्वरोजगार प्रमाणपत्र नलिएका श्रमिकले कार्य गर्न पाउने छैनन् । स्वरोजगार दर्ता प्रमाणपत्र निर्माण श्रमिकलाई अनुसूची १ अनुसार प्रमाणपत्र दिईने छ ।

**८. श्रमिक हितकोष स्थापना र संचालन सम्बन्धि व्यवस्था :** (१) श्रमिकहरुको कार्य स्थलमा हुने घाउचोट तथा दुरघटनामा परी मृत्यु हुँदा राहत स्वरुप नगरपालिकाबाट प्रदान गरिने सेवासुरक्षा व्यवस्थापन गर्नका लागि नगरपालिकामा एउटा श्रमिक हितकोष स्थापना गरिनेछ । उक्त कोषमा देहायका रकमहरु रहनेछन् :

(क) श्रमिक हितकोषको लागि नगरसभाले छुट्टयाएको रकम,

(ख) रोजगारदाता फर्म ,व्यवसाय, कम्पनि वा उद्योग दर्ता तथा नवीकरणबाट प्राप्त रकम ।

(ग) स्वइच्छाले रोजगारदाता फर्म वा व्यवसायीबाट प्राप्त हुने रकम,

(घ) श्रमिकहरुले स्वेच्छाले हितकोषमा प्रदान गर्ने रकम,

(ङ) अन्य सङ्घ संस्था, ट्रेड युनियन, दाताहरुले प्रदान गर्ने रकम,

च) श्रमिकहरु सूचीकृत वा दर्ता तथा नवीकरणबाट प्राप्त हुने देहाय बमोजिमको रकम

(१) अनौपचारिक क्षेत्रका श्रमिक सूचीकृत हुँदा प्रतिवर्ष जनही रु ३००।-(तीन सय) का दरले प्राप्त हुने रकम

(२) औपचारिक क्षेत्रका श्रमिक प्रतिवर्षरु जनही रु ५००।-(पाँच सय) दरले प्राप्त हुने रकम

(३) स्वरोजगार श्रमिक सूचीकृत वा दर्ता हुँदा प्रतिवर्ष जनही रु १५००।- (एक हजार पाँच सय) का दरले प्राप्त हुने रकम

(४) दफा ८ को खण्ड (१)च बमोजिमको दस्तुर श्रमिक सूचीकृत हुँदा प्रतिवर्ष लाग्ने दस्तुर मानिनेछ र सोहि बमोजिमको दस्तुर नवीकरण वापत लाग्नेछ । नवीकरण हुने अवधी आर्थिक वर्ष सुरु भएको मितिले ३ महिनाभित्र हुनेछ ।

(५) खण्ड (४) बमोजिम तोकिएको दस्तुरमा नगरसभाले हेरफेर गर्न सक्नेछ ।

**(२) हितकोषको सञ्चालन देहाय बमोजिम गरिनेछ ।**

(क) कोष सञ्चालनका लागि नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क' वर्गको बैङ्कमा छुट्टै खाता खोली प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतमा खाता सञ्चालन गरिनेछ

(ख) श्रमिकहरुलाई सुविधा उपलब्ध गराउने प्रयोजनका लागि प्रतिवर्ष सूचीकृत श्रमिकको मृत्यु भएमा ५ जनासम्मलाई रु २,००,०००।-(दुई लाख) का दरले क्षतिपुर्ति वापत दिइनेछ साथै दुर्घटनामा परी सामान्य चोटपटक लागेमा बढीमा २० जनासम्म श्रमिकलाई प्रतिवर्ष प्रति श्रमिक उपचार खर्चका लागि न्युनतम रु.२५०००।-(पच्चिस हजार) र अंगभंग भएमा बढीमा २० जनासम्म श्रमिक प्रतिश्रमिक एक पटकका लागि रु ७५,०००।- (पचहत्तर हजार) उपचार खर्च वापत दिइनेछ ।

(ग) श्रमिक हितकोषमा जम्मा भएको रकम खण्ड (ख) मा उल्लेख भएको कार्यका लागि मात्र खर्च गरिनेछ ।

(घ) कोषको लेखा परीक्षण नियमानुसार हुनेछ ।

(ङ) दफा (८) को उपदफा (२) को खण्ड (ख) मा उल्लिखित व्यवस्था अन्तर्गत उपचार खर्च भएको रकममध्ये रु.२५०००।-(पच्चिस हजार) सम्म स्थानीयस्तरको सरकारी वा निजी अस्पताल वा क्लिनिकको बिलका आधारमा खर्च लेख्न सकिनेछ । सो भन्दा माथिको खर्च सरकारी अस्पतालको बिलका आधारमा मात्र लेख्नु पर्नेछ ।

**९. रोजगारीको प्रकार:** (१) रोजगारदाताले श्रमिकलाई देहायको कुनै प्रकारको रोजगारीमा लगाउन सक्नेछ :-

(क) नियमित रोजगारी,
(ख) कार्यगत रोजगारी,
(ग) समयगत रोजगारी,
(घ) आकस्मिक रोजगारी
(ङ) आंशिक रोजगारी

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि,–

(२)"नियमित रोजगारी" भन्नाले दफा ९ को खण्ड (ख), (ग) र (घ) मा उल्लिखित रोजगारी बाहेक अन्य जुनसुकै प्रकारको रोजगारी सम्झनु पर्छ ।

(३)"कार्यगत रोजगारी" भन्नाले रोजगारदाताले कुनै खास काम वा सेवा किटान गरी सो सम्पन्न गर्न तोकेर दिने वा दिएको रोजगारी सम्झनु पर्छ ।

(४)"समयगत रोजगारी" भन्नाले रोजगारदाताले श्रमिकलाई निश्चित समयावधि तोकी सो अवधिभित्र कुनै सेवा प्रदान गर्न वा काम सम्पन्न गर्ने गरी दिने वा दिएको रोजगारी सम्झनुपर्छ ।

(५)"आकस्मिक रोजगारी"भन्नाले रोजगारदाताले श्रमिकलाई एक महिनाको अवधिमा ७ दिन वा सोभन्दा कम अवधिका लागि कुनै सेवा प्रदान गर्न वा काम सम्पन्न गर्ने गरी दिने वा दिएको रोजगारी सम्झनु पर्छ ।

(६)"आशिक रोजगारी" भन्नाले हप्तामा पैंतीस घण्टा वा सोभन्दा कम समयमा काम सम्पन्न गर्ने गरी दिने वा दिएको रोजगारी सम्झनु पर्छ ।

(७) कुनै रोजगारी नियमित हो वा होइन भन्ने प्रश्न उठेमा रोजगार सम्झौतामा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि कामको प्रकृतिको आधारमा तोकिए अनुसार श्रमिकको सेवा सुरक्षा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

(८) दफा (९) को उपदफा (१) मा उल्लिखित सबै खाले रोजगारीमा आबद्ध श्रमिकहरुले दफा (८) (२) (ख) अनुसारको सेवा प्राप्त गर्नका लागि नगरपालिकामा सुचीकृत गराई वार्षिक रुपमा नियमित नवीकरण गराउनु पर्नेछ ।

**१०.सम्पर्क केन्द्रः**(१) रोजगारदाता र श्रमिकहरुको सम्पर्क केन्द्र भद्रपुर नगर कार्यपालिकाको रोजगार शाखामा हुनेछ ।

**११.निर्देशन दिन सक्नेः** (१) नगर कार्यपालिकाले वा नगरसभाले श्रमिकहरुको सेवा सुरक्षा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यसको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद- ५

## बिबिध

**१२. परिचयपत्र सम्बन्धि व्यवस्था :** (१) स्वरोजगारदाता फर्म वा कम्पनीहरुले आफ्ना श्रमिकहरुलाई आफ्नैतर्फबाट परिचयपत्र वितरण गर्नु पर्नेछ ।

**१३. रोजगारदाता, स्वरोजगारदाता र श्रमिकले पालना गर्नुपर्ने आचरणहरु**

(क) स्वरोजगारदाताले पालना गर्नुपर्ने आचरणहरु

(१) ८ घण्टाभन्दा बढी काममा लगाउन पाइने छैन । सो भन्दा बढी काममा लगाए वापत अतिरिक्त पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ ।

(२) बोलीबचन सम्मानजनक हुनुपर्नेछ ।

(३) कुनै पनि प्रकारको कार्यस्थलमा हुने दुर्व्यवहार दण्डनीय हुनेछ ।

(४) श्रमिकमैत्री तथा न्यूनजोखिम वातावरणमा वातावरणमा काम लगाउनु पर्नेछ ।

(५) पुरुष र महिला श्रमिकमा भेदभाव गर्न पाइने छैन ।

(६) समान कामका लागि पारिश्रमिकमा भेदभाव गर्न पाइने छैन ।

(७) नाबालकलाई काममा लगाउन पाइने छैन ।

(८) प्रचलित कानून बमोजिम श्रमिकले पाउने विदा तथा सहुलियत दिनुपर्नेछ

(९) आवश्यक पर्ने प्राविधिक जनशक्ति स्वदेशमा प्राप्त नभएमा मात्र विदेशी श्रमिकलाई काममा लगाउन पाइनेछ अन्यथा स्वदेशी श्रमिकहरु नै प्रयोग गर्नु पर्नेछ ।

(१०) आफुलाई आवश्यक पर्ने श्रमिकहरु भद्रपुर नगरपालिका रोजगार केन्द्र मार्फत प्रयोग गर्नु पर्नेछ

(११) श्रमिकको ज्याला भुक्तानी बैक खाताबाट मात्र भुक्तानी गर्नु पर्नेछ ।

(ख) श्रमिकले पालना गर्नु पर्ने आचरण

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

१. समयको पालना गर्ने,
२. समूहमा मिलेर काम गर्ने,
३ मादक पदार्थ सेवन तथा धुम्रपान नगर्ने,
४ सुपरीवेक्षणको निर्देशन बमोजिम कार्य गर्ने,
५. असल आचरण र अनुशासन काय गर्ने ,
६. कार्यथलोमा,जातिय विभेद, लैङ्गिक,क्षेत्रिय,सास्कृतिक,यौनजन्य हिंसा, हतोत्साहन, दुर्व्यवहार जस्ता कार्य नगर्ने,
७. कार्यस्थलमा मोवाइल फोनको प्रयोग नगर्ने,

**१४. श्रमिकहरुको विमा सम्बन्धि व्यवस्था :** (१) भद्रपुर नगरकार्यपालिकाको निणर्य अनुसार हुने गरी श्रमिकहरुका लागि विमा कार्यक्रम संचालन गर्न सकिनेछ। यसरी विमा कार्यक्रम संचालन गर्दा लाग्ने रकम नगरपालिकाले व्यवसथा गरी आवश्यक मापदण्ड तयार गर्न सक्नेछ।

**१५ संसोधन बचाउ र खारेजी : (१)** यसअघि दर्ता भएका रोजगारदाता फर्म वा व्यवसायी यसै कार्यविधि बमोजिम भएको मानिनेछ। साथै श्रमिक सम्बन्धि भए गरेका काम कार्यवाही यसै कार्यबिधि बमोजिम भए गरेको मानिनेछ।

(२) प्रचलित कानून, स्थानीय रोजगारदाता श्रमिकको अवस्था समेतलाई ध्यानमा राखी नगर कार्यपालिकाले यो कार्यबिधलाई आवश्यक संशोधन, थपघट र खारेज गर्न सक्नेछ।

(३) भद्रपुर नगरपापलिकाको श्रमिकहरुको सेवा सुरक्षा व्यवस्थापन कार्यवित्रि २०७८ खारेज गरिएको छ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची १

दफा ७ को २ सँग सम्बन्धित
दर्ताको प्रमाण—पत्र नमुना
भद्रपुर र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा
१ नं. प्रदेश

# रोजगारदाताको व्यवसाय दर्ता प्रमाण-पत्र

इजाजत पत्र नं............
दर्ता मिति..................

भद्रपुर नगरपालिका श्रमिकहरुको सेवासुरक्षा व्यवस्थापन कार्यविधि २०७८ को दफा ६ (२) बमोजिम श्रमिकहरुको सेवासुरक्षा व्यवस्थापन समितिको मिति ..........................को निर्णयअनुसार यस नगरक्षेत्रमा वडा नं........मा कार्यालय भएको श्री................................................नामको रोजगरदाता फर्म वा व्यवसायलाई कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण—पत्र प्रदान गरिएको छ ।

............................
प्रमुख प्रशासकीय अधिकृत

*(रोजगारदाता फाराम वा व्यवसायको दर्ताको प्रमाणपत्रको पछाडि पानामा राखे)*

| क्र.सं. | नवीकरण मिति | | नवीकरण गर्ने अधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | | | | |
| २. | | | | |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

आज्ञाले
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल